

**के तपाईको घर पा( नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २० गते शनिबार ❑ 3 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## दीगो पर्यटनमा जोड दिँदै पाटा शिखर सम्मेलन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

पर्यटकीय नगरी पोखरामा आयोजित एसिया प्रशान्त क्षेत्रका ट्राभल सङ्घ-संस्थाको छाता संस्था प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) इन्टरनेशनलको 'वार्षिक शिखर सम्मेलन तथा एडभेन्चर मार्ट-२०२३' दीगो पर्यटनमा जोड दिँदै सम्पन्न भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन बोर्ड, पाटा इन्टरनेशनलको मुख्य आयोजना एवं पोखरा महानगरपालिका र पोखरा पर्यटन परिषद्को संयोजनमा यही जेठ १६ गतेदेखि पोखरामा सम्मेलन सुरु भएको थियो। चार दिनसम्म सञ्चालित सम्मेलनमा वक्ताले आर्थिक विकासका लागि दीगो पर्यटन र प्रवर्द्धनका लागि प्रविधिकरण आवश्यक भएको बताउनुभयो।

समयसापेक्ष पर्यटन विकास र प्रवर्द्धनका लागि प्रविधिकरणलाई सँगसँगै अघि बढाउनुपर्ने उहाँहरूले बताउनुभयो। कोरोना प्रभावित पर्यटन विस्तारै लयमा फर्किन थालेको भन्दै वक्ताहरूले आर्थिक मन्दीलगायत समस्याले पनि पर्यटन क्षेत्र प्रभावित बनेको र पूर्ववत् अवस्थामा फर्कन करिब एक वर्ष कुर्नुपर्ने धारणा राख्नुभयो। सम्मेलनमा विभिन्न २१ देशका अतिथि, पर्यटनका क्रेता र बिक्रेतासहित दुई सय ५० भन्दा बढीको सहभागिता थियो। मालदिभ्सका पर्यटनमन्त्री अब्दुल्ला मासुमसहित विभिन्न देशका पर्यटनविज्ञ प्राध्यापक डा वल्फजेन जर्ज अर्ल्ट, प्राध्यापक अन यू लिउ, डा चियुत मित्रचोव, मातुक मासु युसुफ, मधुवनी पेरेरा, एन्ड्र्यु स्टेपलेज, मार्ट गिब्कस, हर्बट युम, मयुर पटेल, श्रीधर किपार गुन,रकि फिलिप्स, फ्लोरियन सेन्जस्टिसमेज, रोशाबेला योङ्ग, पीटर साइमोन, डा.धनन्जय रेग्मी, नन्दिन लाहे थापा, लिजा चोग्याल, राज ज्ञवाली,उप्युल मजुम्दार, विनीता के. शाक्य, लक्की क्षेत्री लगायतले पर्यटनका विविध आयामबारे धारणा राख्नुभएको थियो। सम्मेलनका अवसरमा पाटाको वार्षिक शिखर सम्मेलन, मुख्य कन्फ्रेन्स, पाटा मार्ट बिटुबी, युथ सिम्पोजियम र नेपालको पर्यटकीय गन्तव्यको भ्रमण अनुभव साटासाटलगायत कार्यक्रम भएको थियो। पाटा इन्टरनेशनलका अध्यक्ष पिटर साइमोनले नेपालले भव्य र व्यवस्थितरूपमा पाटा शिखर सम्मेलन तथा एडभेन्चर मार्ट आयोजना गरेकामा बधाई दिँदै सम्मेलनले नेपाललाई सुन्दर, सुरक्षित र साहसिक पर्यटनको गन्तव्यका रूपमा चिनाउन सघाउ पुग्ने बताउनुभयो। नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य मदन आचार्यले अन्तर्राष्ट्रियस्तरको यस सम्मेलनले पोखरासँगै समग्र नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो। पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले विभिन्न देशबाट सहभागी विज्ञ सदस्यका बीचमा भएको छलफल एवं अन्तरक्रियाले कोरोना प्रभावित पर्यटनमा नयाँ आयाम थप्ने बताउनुभयो।

## आगामी वर्षको बजेट उत्पादनमा केन्द्रित गर्छौं : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सरेन्द्रराज पाण्डेले सरकारले आगामी वर्ष २०८०/८१ को वार्षिक बजेट उत्पादन वृद्धिमा केन्द्रित गर्ने बताउनुभएको छ।

सरकारको नीति कार्यक्रम तथा बजेटका विषयमा शुक्रबार पोखरामा सञ्चारकर्मीसँगको छलफलमा उहाँले साधन स्रोत सिमित भएकाले धेरै उत्साहित हुने अवस्था नरहे पनि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै जनताका विकास निर्माणका चाहना पूरा गरिने बताउनुभयो। मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "जति साधन स्रोत छ, त्यसलाई अधिकतम उपयोग गर्दछौं र उत्पादनमा बजेट केन्द्रित गर्ने योजना बनाएका छौं। अनुत्पादक क्षेत्रमा बजेट राख्दैनौं, कहाँ कहाँ घटाउन सकिन्छ भनेर खोजी गरी रहेका छौं। मितव्ययी बन्छौं।" मुख्यमन्त्री पाण्डेले स्वास्थ्य क्षेत्रलाई बजेटमा प्राथमिकता दिने योजना रहेको सुनाउनुभयो। सरकारले आगामी वर्ष सडक, खानेपानी, सिँचाइलगायत पूर्वाधार निर्माणतर्फ बजेटको सिलिङ तोकेर लगानी गर्ने र खुद्रा योजनामा बजेट खर्च नगरिने उहाँले स्पष्ट पार्नुभयो। सामुदायिक भवनलाई निर्माणलाई जोड दिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो। सांसद विकासलाई कोषलाई निरन्तरता दिने कि नदिने भन्ने बारेमा सत्तापक्ष र प्रतिपक्ष सबैसँग छलफल भइरहेको उहाँले बताउनुभयो। "सांसद विकास कोषको बजेट सांसदले खर्च गर्ने होइन, विनियोजित अनुसारको योजना छनोट गर्ने हो। सांसद पनि जनतासँग जोडिएका हुन्छन्। कतिपय प्रतिवद्धता हुन्छन्। त्यसलाई पूरा गर्नका लागि सांसद विकास कोष रहन सक्छ। छलफल भइरहे पनि टुङ्गो लागेको छैन।" मुख्यमन्त्री पाण्डेले भन्नुभयो। सरकारले सञ्चार क्षेत्रका लागि समेत बजेटमा व्यवस्था गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो। नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष नारायण शर्माले सरकारले सञ्चार विधेयक छिटो ल्याउन माग गर्नुभयो। सञ्चारमाध्यमको दर्ता, नविकरण लगायतका कार्य प्रदेशमै हुने व्यवस्था गर्न उहाँको आग्रह थियो। कार्यक्रममा सहभागी सञ्चारकर्मीले पत्रकारका लागि तालिम, महासङ्घका जिल्ला शाखाका भवन निर्माण, लेखनवृत्ति, सञ्चार उपकरण खरीदमा अनुदानलगायतका कार्यक्रम प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश गर्न माग गर्नुभएको थियो।

## सांसदले मागे पत्रकारसँग सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

कास्की क्षेत्र नं. ३ बाट प्रत्यक्ष निर्वाचित सांसद दामोदर पौडेल बैरागीले संसदमा आफ्नो भूमिका प्रभावकारी रहेको उल्लेख गरेका छन्।

शुक्रबार पोखरामा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी उनले सक्रिय उपस्थितिका साथ क्षेत्रगत समस्यालाई संसदमा उठान गरेको मात्र नभई सार्वजनिक चासोका विभिन्न विषयसूचीको फेहरिस्त प्रस्तुत गरे। संसदीय समितिको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको सदस्यसमेत रहेका बैरागीले गत पुस २५ गतेदेखि वैशाख १५ गतेसम्म सञ्चालित प्रतिनिधिसभाको पहिलो अधिवेशनका २७ बैठकमा आफू २३ वटा बैठकमा उपस्थित भएको जानकारी दिए। मंसीर ४ गते निर्वाचित भएर पुस ७ गते सपथ ग्रहण गरेपछि पुस २५ गतेको पहिलो बैठक हुँदै बैशाख १५ गतेसम्म आफूले ३१ वटा विषयमा संसदमा बोलेको पनि उल्लेख गरे। उनले राष्ट्रिय गौरवको आयोजना पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई नाफामूलक ढंगले सञ्चालन गर्न नेपाल सरकारले गर्नुपर्ने काममा ढिलाई गर्न नहुने, फेवाताल संरक्षणका लागि सिमांकनको कार्यान्वयन, सिमसार क्षेत्र अतिक्रमण रोक्न लगायतका विषयमा संसदमा आवाज उठाएको जानकारी गराए। 'हाइड्रोपावरका कारण मोदी र सेती नदिमा पानी नै शून्य अवस्थामा पुग्दा पर्यावरणीय अवस्थामा खलल पुगेको, बर्खायाममा बाढीपहिरो प्रभावित क्षेत्र सल्यान, अधेरीखोला, छुमरुङ, दाङसिङदेखि पर्वतको थामार्जुङसम्म पहिरो नियन्त्रणका लागि ठोस योजना बनाउन जोड दिएको छु।' उनले भने - 'इदि, मर्दी, घट्टे, खहरे, फुर्से, भुरुङ्दी, रति, धोती र शारदी खोलामा तटबन्ध गरी बस्ती, बन र खेतीयोग्य जमिनको संरक्षण गर्न आवाज उठाएको छु। साथै, कास्कीका ३ वटै क्षेत्रमा किड्नी बिरामीका लागि डायलोसिस सेन्टर खोल्न पनि झक्झक्याएको छु।'

स्वास्थ्य प्रयोगशाला निमाण, एक पालिका एक मातृशिशु केयर सेन्टरको व्यवस्था गर्नुपर्ने, माछापुच्छ्रे ६ मा प्रस्तावित एन्फा टेक्निकल सेन्टरको कार्य छिटो सुरु गर्न संसदमा आवाज उठाएको बैरागीको भनाई छ। मुग्लिन पोखरा सडक खण्डको कोत्रे पोखरा खण्डको काम छिटो सकी आवतजावत सहज बनाउन, एक घर एक खानेपानी कार्यक्रमका लागि उचित बजेटको व्यवस्था गर्न, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा देखापर्ने समस्या समाधान गर्न, कोभिडबा प्रभावित व्यवसायीको हितमा ध्यान दिन, अन्नपूर्ण ५ मा प्रस्तावित नयाँपुल राजमार्ग अस्पताल निर्माण प्रक्रिया छिटो सुरु गर्न पनि उनले जोड दिएको जानकारी गराए। स्वविवु निर्वाचन गर्न, सेती मर्दी दोभान पोखरा २५ र १९ जोड्ने पुल मर्मत, अन्नपूर्ण ५ र ६ जोड्ने धोतिखोला र अन्नपूर्ण ६ र ८ जोड्ने मोदी नदीका पुल जीर्ण भएकाले नयाँ निर्माण गर्न पनि उनले जोड दिएको बताए।

अ ा य ु व े ि द द क औषधि उत्पादनका लागि स्थानीय जडिबुटीमा आधारित उद्योग र प्रयोगशालासहित १ पालिका १ औषधालयको यवस्था गर्न, नदिजन्य पद्धार्थ, बनजन्य, जलचर, खानेपानी, सिंचाई र उर्जाका लागि पानी तथा ढुंगा, गिट्टी र बालुवा सम्बन्धित भूगोलबाट अन्यत्र लैजाँदा निश्चित प्रतिशत रोयल्टी सम्बन्धित स्थानीय निकायलाई अनिवार्य दिनुपर्ने व्यवस्था गर्न उनको माग छ। मापदण्डलाई कायम राख्दै सार्वजनिक र खेतीयोग्य जमिनको सुरक्षा गर्न, प्राकृतिक सम्पदाको अतिक्रमण रोक्न, विद्यार्थीहरुले हरेक वर्ष भर्ना गर्नुपर्ने व्यवस्था हटाउन, स्नातक उत्तीर्णपछि योग्यता अनुसारको रोजगारीको ग्यारेन्टी गर्न उनले संसदमा आवाज उठाएका छन्। सांसद बैरागीले ६ महिनाबीचमा आफ्नो भूमिकाबारे प्रकाश पार्दै अझै प्रभावकारी बनाउन सबै क्षेत्रबासी एवं पोखराबासीलाई सुझाव प्रदान गर्न पनि आग्रह गरे। प्रेस चौतारी कास्कीका उपाध्यक्ष मोतिसागर अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव रञ्जन अधिकारीले गरेका थिए।

## अबको मिसन 'सुशासन' : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
वालिङ, १९ जेठ

नेपाली कांग्रेसका उपसभापति एवम् कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले अबको बाटो सुशासनको भएको बताउनुभएको छ।

कांग्रेस प्रथम भीरकोट नगरसम्मेलनलाई स्याङ्जाको बयरघारीमा सम्बोधन गर्नुहुँदै उहाँले भ्रष्टाचारीलाई कारवाही गर्नुपर्नेमा जोड दिनुभयो।

"भ्रष्टाचारी प्रवृत्ति भएका जोकोहीलाई पनि कारवाहीको दायरामा ल्याउनुपर्छ, कारवाही हुनैपर्छ", उहाँले भन्नुभयो, "अनुसन्धानलाई अझै प्रभावकारी ढङ्गले अगाडि बढाऔं, दोषी कोही उम्किन नपाउन्।" भुटानी शरणार्थीलगायत फाइलमा आफूहरुले प्रधानमन्त्रीलाई साथ दिएको दावी गर्दै उहाँले यस अभियानलाई निष्कर्षमा पुर्याउनुपर्ने बताउनुभयो। "भ्रष्टाचार प्रवृत्तिको अन्त्य गर्दै देशलाई अब सुशासनको बाटोमा लैजानु आवश्यक छ", उहाँले भन्नुभयो, "देशमा सुशासन भएको प्रत्याभूति जनतालाई दिनुपर्ने भएकाले अब बोलेर हैन कामबाट देखाउनुपर्ने बेला आएको छ।" नागरिकता विधेयकले आमाको नामबाट नागरिकता नपाएका, बाबु आमा नेपाली नागरिक भएर पनि छोराछोरीले नागरिकता नपाएका र गैर आवासीय नेपालीले नेपालको नागरिकता पाउने तर राजनीतिक नेतृत्व गर्न नपाउने गरी तीनवटा कुरा समेटिएको उहाँले जानकारी दिनुभयो। प्रतिनिधिसभा सदस्य राजु थापाले भ्रष्टाचार गर्ने जोकोहीलाई पनि कारवाही गर्नुपर्ने बताउनुभयो। उहाँले भ्रष्टाचारको आरोप लागेका कसैलाई पनि कांग्रेसले नबोक्ने र दोषी ठहरिएमा कारवाही भएरै छाड्ने बताउनुभयो।

भ्रष्टाचारीलाई कांग्रेसले ढाकछोप गर्ने, बोक्ने होईन बरु अनुसन्धान प्रक्रियामा सघाउने उहाँले बताउनुभयो। नागरिकता विधेयक अहिलेको आवश्यकता भएको दावी गर्नुहुँदै यसकाबारेमा पढेर, बुझेरमात्रै गाउँ गाउँमा रहेका नागरिकलाई बुझाउन उहाँले आग्रह गर्नुभयो। कार्यक्रममा नेपाली कांग्रेसका प्रदेश, जिल्ला, क्षेत्र, नगर तहका नेता कार्यकर्ताले आ-आफ्नो धारणाहरु ब्यक्त गरेका थिए।

**आगलागी हुन नदिन चनाखो बनौं।**

**आगलागीबाट बच्न,**

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरवस्ती नजिकै पोखरी, ट्याक्ती वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।

आगलागीजन्य विपद्बाट बच्न चनाखो बनौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## गण्डकीका खेलाडीको लगत राखिने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

प्रदेश खेलकुद परिषद्ले गण्डकीबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका खेलाडीको लगत सङ्कलन गर्ने भएको छ। परिषद्ले हालसम्म राष्ट्रिय खेलकुद प्रतियोगितादेखि ओलम्पिकसम्म पुगेका खेलाडीको तथ्याङ्क जुटाउन लागेको हो।

परिषद्का सदस्यसचिव श्रीधर शर्माले प्रदेशका ११ वटै जिल्लाका खेलकुद विकास समितिलाई जिल्ला तहमा रहेका खेलाडीको व्यक्तिगत विवरणसहितको लगत पठाउन परिपत्र गरिसकेको बताउनुभयो। "प्रतियोगितामा पाएको पदकसहित खेलाडीको विवरण सङ्कलन गर्दैछौं, आउँदो असारभित्र सबै राष्ट्रिय खेलाडीको तथ्याङ्क तयार हुन्छ", उहाँले भन्नुभयो, "खेलाडी भनेको हाम्रो सम्पत्ति हो, सम्मानका लागि पनि खेलाडीको नाम र योगदानलाई लिपिबद्ध गर्नुपर्छ।"

सदस्यसचिव शर्माले प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएका खेलाडी कति छन् भन्ने यकिन तथ्याङ्क अहिलेसम्म नरहेको उल्लेख गर्नुभयो। खेलाडीको लगत लिँदा प्रदेशमा कुन खेलको अवस्था र सम्भावना कस्तो छ भनेरसमेत थाहा पाउन सकिने परिषद्ले जनाएको छ। गण्डकी प्रदेशमा विश्व खेलकुदको महाकूम्भ ओलम्पिकसम्म भाग लिएका खेलाडी छन्।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खेल पत्रकारिता तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ



पोखरामा आयोजित तीन दिने खेल पत्रकारिता तालिम शुक्रबार सम्पन्न भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको तालिम कार्यक्रमको समापनमा बोल्दै प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले सूचना तथ्यमा आधारित र नियम संगत हुनुपर्ने बताए । 'सूचना तथ्यमा आधारित र नियम संगत हुनुपर्छ' उनले भने । तालिमको आयोजनाको कारण पत्रकारको दक्षता अभिवृद्धि हुने बताउदै उनले तालिममा सिकेका ज्ञानलाई समाचार सामाग्रीको माध्यमबाट उतार्न आग्रह गरें । समाचार सामाग्री तयार पार्नुअगाडि पत्रकारले सम्बन्धीत खेलको नियम र मापदण्डको बारेमा जानकारी राख्नैपर्ने उनले बताए । मञ्चले आयोजना गर्ने हरेक कार्यक्रममा प्रदेश खेलकुद परिषदको साथ रहने वाचा उनले गरें । नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी देवेन्द्रले निरन्तरको अभ्यासबाटनै पत्रकारको क्षमता अभिवृद्धि हुने बताए । उत्कृष्ट समाचार सामाग्री तयार पार्न मेहनत जरुरी रहेको उनको भनाई थियो । 'निखारता थपिन प्राक्टिक्स चाहिन्छ जसको लागि पढ्नुपर्छ, हेर्नुपर्छ अनि लेख्नुपर्छ' उनले भने । समाचार सामाग्री उत्कृट बन्न आएका फिडक्याकलाई ध्यान दिनुपर्ने अध्यक्ष सुवेदीले बताए । नेपाल खेलकुद पत्रकार मञ्च प्रदेश संरचनमा जान लागेकोले मञ्च गण्डकीसँगको संस्थागत दुरी केही समयमा अन्त्य हुने उनले खुलाए । उनले भने-'व्यक्तिगत रुपमा त हामी नजिक छौं, संस्थागत रुपमा केही प्राविधिक समस्या छन् ती समस्या आगामी दशैं अगाडिनै समाधान हुन्छन्' ।

सहभागी प्रशिक्षार्थी तथा प्रशिक्षकलाई कार्यक्रमका प्रमुख अतिथि प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्मा, नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी देवेन्द्र, नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद न्यौपाने, फोटो पत्रकार सघ कास्कीका अध्यक्ष दुर्गाप्रसाद पौडेल, मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, निवर्तमान अध्यक्ष एकराज गिरी, मञ्च गण्डकीका उपाध्यक्ष तथा तालिम संयोजक सुरज श्रेष्ठ, सचिव शशिकुमार पौडेल, पुर्व सल्लाहकार सुदर्शन रञ्जित लगायतले प्रमाणपत्र र प्रंशसापत्र वितरण गरें । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको समापन समारोहमा सहभागीको तर्फबाट बालकुमारी पौडेल तारा र लक्ष्मण विसीले आफ्ना अनुभव सुनाए । कार्यक्रमको सञ्चालन मञ्चका महासचिव राजाराम पौडेलले गरेका थिए । गण्डकी प्रदेशका खेल पत्रकारलाई लक्षित गरेर जेठ १७ गतेबाट आयोजना गरिएको तालिममा गण्डकी प्रदेशमा क्रियाशिल ८० जना पत्रकार सहभागी बनेको कार्यक्रम संयोजक सुरज श्रेष्ठले जनाए ।

प्रदेश खेलकुद परिषद गण्डकी विशेष सहयोगमा आयोजना भएको तालिमको प्रमुख प्रशिक्षक आइसिसिका एम्पायर दुर्गा नाथ सुवेदी देवेन्द्रले क्रिकेट खेलको रिपोटिङको बारेमा सहजिकरण गरें । उनले क्रिकेटका अलावा समग्र खेल पत्रकारिता गर्दा अपनाउनुपर्ने सावधानीका बारेमा अवगत गराए । टेनिसका भेट्रान खेलाडी तथा टेनिस प्रतियोगिताका निर्देशक राजन पौडेलले टेनिस खेलसँग सम्बन्धीत विषयमा सहजीकरण गरें । भलिवल खेलको बारेमा पूर्व राष्ट्रिय भलिवल खेलाडी लेखनाथ लम्सालले सहजीकरण गरें । कास्की जिल्ला भलिवल संघका उपाध्यक्ष रहेका लम्सालले भलिवल खेलको बारेमा जानकारी दिँदै रिपोटिङका क्रममा अपनाउनुपर्ने सावधानीका बारेमा औल्याए । एनए कोर्ष गरेका फुटबल रेफ्री सन्तोष गुरुङ र सुशिल केसीले फुटबल खेलका बारेमा प्रशिक्षण गराए । गुरुङ नेपाल फुटबल रेफ्री संघका सदस्य तथा केसी कास्की जिल्ला रेफ्री संघका अध्यक्ष हुन् । यसैगरी फोटो पत्रकार संघ कास्कीको संयोजनमा अध्यक्ष दुर्गा प्रसाद पौडेल सहित सुर्दशन रञ्जित, उमेश पुन र योगेन श्रेष्ठले खेलकुद पत्रकारितामा कस्ता फोटो तथा भिडियो सामाग्री प्रयोग गर्ने भन्ने बारे बताए । उनीहरुले केही प्राविधिक पक्षको बारेमा समेत सहभागीलाई जानकारी गराए ।

पोखरा ट्रेड मल चिप्लेढुङ्गामा रहेको क्लासिक चुलोमा आयोजना गरिएको तालिममा पोखरा महानगरपालिकाले समेत सहयोग रहेको थियो । तालिममा सहभागीले पोखरा रंगशालामा पुगेर क्रिकेट र टेनिस खेलको प्रयोगात्मक अभ्यास समेत गरेको महासचिव राजाराम पौडेलले जनाए ।

त्यसोत नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन् ।

# पोखरा ९ का महिलालाई मादल वजाउने तालिम

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ



कला र संस्कृतिले धनि देश नेपाल भएता पनि पछिल्लो समय मौलिक लोक संस्कृतिहरु लोप हुन लागेको महशुस भइरहदाँ पोखरा महानगरपालिका वडा नं. ९ का महिला दिदीबहिनीहरुलाई वडा महिला सञ्जाल पोखरा ९ को आयोजनामा १० दिने मादल वजाउने तालिम प्रदान गरिएको छ ।

महिलाहरुलाई तालिम मात्रै नभइ उनिहरुले सिकेको सिपको सदुपयोग होस भन्ने हेतुले सहभागी महिलाहरु आवद्ध समुहलाई वाद्यवादन सामाग्रीहरु मादल, खैजडी र मुचुङ्गाको सेट वितरण गरिएको थियो । वडा अध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा वडा सदस्य तथा न्यायीक समिति सदस्य भावना श्रेष्ठ, वडा सदस्यहरु नन्दराम गिरी, गिता चम्रकार र लक्ष्मी पहारी, वडा सचिव कुलराज पौडेल, टोलविकास संस्था वडा समन्वय समितिका अध्यक्ष उत्तम जोशी, राम मन्दिर योग केन्द्रकी अध्यक्ष इश्वरी श्रेष्ठ, नयाबजार नेवा पुच यमुना तभ्र्या, सहभागीको तर्फबाट टिका पोखेल, प्रशिक्षक प्रदिप राजपाज लगायतले वोलेका थिए ।

वडा महिला सञ्जालका अध्यक्ष कमला केसिको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष सरिता बास्तोला र संचालन सचिव प्रभा सुवेदीले गरेका थिए ।

# टोलविकास संस्था समन्वय समिति पोखरा ९ मा उत्तम

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ



पोखरा महानगरपालिका वडा नं. ९ भित्र रहेका टोलविकास संस्थाहरुको भेलाले टोलविकास संस्था समन्वय समिति पोखरा ९ को अध्यक्षमा शान्ति दर्शन टोलविकास संस्थाका अध्यक्ष उत्तम जोशीको अध्यक्षतामा नयाँ समिति गठन भएको छ ।

वडा अध्यक्ष दिपेन्द्र मर्सानी लगायत वडा सदस्यहरुको उपस्थितिमा भएको उक्त भेलाले समितिको उपाध्यक्षमा जनकल्याण टोलविकास संस्थाका अध्यक्ष क्षेत्रबहादुर गुरुङ, सचिवमा सुन्दर मार्ग टोलविकास संस्थाका अध्यक्ष सुनिल उलक, सहसचिवमा शिव टोलविकास संस्थाका अध्यक्ष ध्रुब श्रेष्ठ, कोषाध्यक्षमा सहारा टोलविकास संस्थाका अध्यक्ष राजु विक (रत्न बहादुर) लाई सर्वसम्मत चयन गरेको छ ।

सदस्यहरुमा वडा भित्रका सबै टोलविकास संस्थाहरुका अध्यक्ष पदेन सदस्य रहने विधानमा व्यवस्था भएको नवनिर्वाचित अध्यक्ष उत्तम जोशीले वताए ।

# अन्नपूर्ण सेन्चुरी महोत्सवमा भलिबल र बास्केटबलतर्फ सेमिफाइनलको खेल जारी

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ

कास्कीको अन्नपूर्ण गाउँपालिका १०-११ घान्द्रुकमा आयोजित तेस्रो अन्नपूर्ण म्याराथन तथा सेन्चुरी पर्यटन महोत्सवमा गाउँस्तरीय पुरुष भलिबल प्रतियोगितामा क्ल्यू गाउँ फाइनल प्रवेश गरेको छ ।

शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा क्ल्यूले विन्देश्वरी ठाँटीलाई ३-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको हो । दोस्रो सेमिफाइनल खेल भने वर्षाका कारण स्थगित भएको छ । तनहुँको ठकुरी समाज बाबियोडाँडा र घान्द्रुक किम्चेबीचको सेमिफाइनल खेल वर्षाको कारण स्थगित भएको हो । दोस्रो सेमिफाइनल खेल शनिबार बिहान सञ्चालन हुने आयोजकले जनाएको छ । यस्तै महोत्सवमा आयोजित खुल्ला बास्केटबल प्रतियोगितामा मार्दीखोला (सुन्तला) फाइनल प्रवेश गरेको छ। पहिलो सेमिफाइनल खेलमा मार्दीखोला(सुन्तला) ले स्याउलीबजारलाई ४०-३५ अङ्कले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । मार्दीखोलाका राज गुरुङ म्यान अफ दि म्याच घोषित भए । दोस्रो सेमिफाइलन खेल भने वर्षाको कारण स्थगित भएको छ । मार्दीखोला (निलो) र सेन्चुरी युवा क्लबबीचको दोस्रो सेमिफाइनल खेल वर्षाको कारण स्थगित भएको हो । दोस्रो सेमिफाइनल खेल शनिबार बिहान सञ्चालन हुनेछ । कास्कीको अन्नपूर्ण गाउँपालिका घान्द्रुकमा अन्नपूर्ण आरोहण दिवसको अवसरमा तेस्रो अन्नपूर्ण म्याराथन तथा सेन्चुरी पर्यटन महोत्सव सञ्चालन भइरहेको छ ।

गाउँस्तरीय पुरुष भलिबल प्रतियोगितामा १३ समूहको सहभागिता रहेको प्रतियोगिताको विजेताले ८० हजार र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने छन् । ११ समूहको सहभागिता रहेको बास्केटबल प्रतियोगिताको विजेताले ८० हजार र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। सन् १९५० जुन ३ तारिखमा फ्रान्सेली मौसिर हर्जोगको टोलीले अन्नपूर्ण हिमालको चुचुरोमा पाइला टेकेको दिनलाई अन्नपूर्ण आरोहण दिवसको अवसरमा अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले म्याराथनको समेत आयोजना गर्दै आएको छ । दुईवर्ष कोरोना भाइरसका कारण रोकिएको म्याराथन तेस्रो संस्करणको म्याराथन महोत्सवको अन्तिम दिन भोलि जेठ २० गते सञ्चालन हुने आयोजकले जनाएको छ । शनिबार जेठ २० गते सञ्चालन हुने म्याराथन प्रतियोगितामा ५६ धावकले भाग लिएका छन् । म्याराथन पुरुषतर्फ प्रथम हुने धावकले १ लाख ५० हजार, दोस्रो हुनेले १ लाख र तेस्रो हुनेले ७५ हजार पुरस्कार पाउनेछन् । यस्तै महिलातर्फ प्रथम हुने धावकले ७५ हजार, दोस्रो हुनेले ५० हजार र तेस्रो हुनेले २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । म्याराथन जेठ २० गते अन्नपूर्ण हिमालको आधार शिविरबाट सुरु भएर म्याराथन माछापुच्छ्रे आधार शिविर, बगर, देउराली, किम्रोङखोला, उरी हुँदै घान्द्रुकमा आएर सम्पन्न हुनेछ ।

## जनहितमा जारी जरुरी सूचना

मानव वस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दुःखद घटनाहरु घटीरहेका छन् । यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं । यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ विहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं ।
आफ्नो वस्ती नजिकै चितुवा देखेमा वा वस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा डिभिजन वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भिड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
सम्पर्क नः ०६१–४६७७३२/४६७७३३

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# करिडोरले फेरियो कालापानीको मुहार

**–लक्ष्मीप्रसाद सापकोटा**
पर्वत, १९ जेठ

कुनैबेला मकै, घिउ, चामल, महलगायत स्थानीय उत्पादनको भारी बोकेर पाँच दिन हिँडेपछि बुटवल पुगिन्थ्यो। आफूले लगेको वस्तुसँग नुन, चिनी, चियापत्ती जस्ता वस्तु साटेर फेरि पाँच दिनको पैदल यात्रा गरेर फर्किनुपर्थ्यो । उतिबेला निकै दुःख थियो । सडक, बिजुली भन्ने कुरा कल्पनासमेत गरिएको थिएन।

चार दशकअघिका दुःख, पीडा सम्झिँदै हुनुहुन्छ दक्षिण पर्वतको विहादी गाउँपालिका वडा नं २ बर्राचौरका ८३ वर्षीय इन्द्रप्रसाद पराजुली । "नुन बोक्न जाँदा कतिपय बाटोमै बित्ने गर्थे भने कति भिरबाट लडेर अङ्गभङ्गसमेत हुने गर्दथे", उहाँले विगत सम्झिँदै सुनाउनुभयो, "म पनि बीसौँ पटक नुनको भारी बोक्न आफन्तसँग गएको थिए, अहिलेको यो परिवर्तन देख्दा र ती कहाली लाग्दा दिन उमेर सम्झेर अचम्म लाग्ने गर्दछ।"

कुनैबेला विकासले पिछडिएर जिल्लाकै कालापानी भनेर परिचित दक्षिण पर्वतका तीन पालिकाको अवस्थामा भने अहिले आकाश जमिनको फरक परिसकेको छ । उत्तर दक्षिण जोड्ने सवैभन्दा छोटो मार्ग कालीगण्डकी करिडोर विस्तारपछि कालापानीको परिचय फेरिएर सुगम क्षेत्र बन्न पुगेको छ । विसं २०६५ देखि सुरु भएको यो सडक विस्तारले लगभग पूर्णता पाएको छ । अहिले भने बिहान हिँड्यो भने बुटवल, पाल्पा, पोखरा जहाँ गए पनि बेलुका गाउँ फर्केर आई पुगिन्छ । "निकै सहज भएको छ", पराजुलीले भन्नुभयो, "हामी बूढाबूढी त अहिलेको यो सडक र बिजुली देख्दा आश्चर्यचकित भएका छौँ ।" विहादी–१ का बृद्ध गगनबहादुर क्षेत्रीले कालीगण्डकी करिडोर खुलेपछि यस क्षेत्रको मुहार नै परिवर्तन भएको बताउनुभयो । उहाँले विगतमा हप्तौँ दिन लागेर भारी बोक्नुपर्ने, खच्चरमा सामान बोक्नुपर्ने, डोकोमा बिरामी बोकेर अस्पताल पुऱ्याउनुपर्ने जस्ता समस्या हटेर गएको बताउनुभयो। विगतको अवस्था हेर्दा अहिले स्वर्गजस्तै लाग्ने गरेको उहाँको अनुभव छ। करिडोर खुलेपछि आसपासमा पक्की घर निर्माण भएका छन् भने बाच्छा, कर्नास, बरौचौर, रानीपानी, फलेवासलगायतका ठाउँमा बजारसमेत विस्तार भएका छन् । "पहिले लत्ताकपडा, खाद्यान्न, नुन, मट्टितेल, चिनीलगायत घरायसी सामान चाहिए पैदलै हिँडेर बटौली जानपर्थ्यो, अहिले भने जे खोज्यो त्यही दैलोमै ल्याएर गाडिले झार्दिन्छ", बाच्छा स्थानीय भीमबहादुर खड्काले भन्नुभयो, "अहिले धेरै सुविधा भएको छ।"

कालीगण्डकी करिडोरको पर्वत खण्डमा पर्ने ५३ किलोमिटरमध्ये हालसम्म २० किलोमिटर कालोपत्र भइसकेको छ। उत्तर–दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत पर्वत खण्डको भौतिक प्रगति ६५ प्रतिशत छ। स्याङ्जाको मिर्मिदेखि पर्वतको सेतीवेणीसम्मको १० किलोमिटर सडक भौगोलिक अवस्थाका कारण द्रुतगतिमा निर्माण हुन नसके पनि अन्य खण्डमा भने धमाधम काम भइरहेको कालीगण्डकी करिडोर आयोजना कार्यालयले जनाएको छ।

करिडोरका अधिकांश ठाउँमा स्तरोन्नति भई कालोपत्र हुने चरणमा रहेको छ भने बाँकी काम ट्र्याक खुलेर फाउन्डेशनको काम भइरहेकोछ। कालीगण्डकी करिडोर आयोजना गैँडाकोट–राम्दी–मालढुङ्गा खण्डका आयोजना प्रमुख शङ्कर पौडेलका अनुसार रानीपानीदेखि फलेवास ढिकसम्मको २२ किमी सडकमा अझै तीन किलोमिटर सडक कालोपत्र गर्न बाँकी छ। बर्राचौर स्थित खबरको भीर र पाङ्राङदेखि फलेवासको ढिकसम्मको सडक कालोपत्र गर्न बाँकी रहेको हो । आयोजनाका अनुसार सेतीवेणीदेखि रानीपानीसम्मको सात किलोमिटर तयारी अवस्थामा रहेको छ भने खबरको भिरमा ढलानको काम भइरहेको छ। यस्तै पाङ्राङको कर्नास खोलादेखि फलेवास ढिकसम्मको सडकमा एक किलोमिटरबाहेकको काम पनि कालोपत्रको अन्तिम तयारीमा रहेको आयोजनाले जनाएको छ। कुर्घाको भिरदेखि फलेवासको ढिकबीचको सडकमा काम गर्न केही समस्या भए पनि जेठभित्रमा कर्नास खोलादेखि कुर्घा भिरसम्मको भागमा समेत कालोपत्र गर्ने तयारी भइरहेको आयोजना प्रमुख पौडेलले जानकारी दिनुभयो।

आयोजनाका अनुसार छिटो काम सक्न धेरै निर्माण कम्पनीलाई खण्डखण्डमा काम गर्न बोलपत्र आह्वान गरिएको हो । सेतीबेणीदेखि पर्वतको रानीपानीसम्म सात किलोमिटर सडकमा प्यासिफिक जलजला जेभीले कालोपत्रको काम सुरु गरिसकेको र केही दिनमा पूरा हुने आयोजनाले जनाएको छ । यो खण्डमा ६५ प्रतिशतभन्दा बढी सकिएको छ । रानीपानीदेखि फलेवासढिकसम्मको २२ किलोमिटर सडकखण्डमा पनि कालोपत्र गर्न दुई निर्माण कम्पनीले काम गरिरहेका छन् । सो खण्डको रानीपानीदेखि खबरको भिरसम्म छ किमी सडकको काम महालक्ष्मी पाण्डे एण्ड कम्पनी जेभीले गरेको छ। खबरको भिरदेखि फलेवास ढिकसम्मको सडकखण्डको १६ किमीमा स्वच्छन्द वर्डवाइड ओमबुद्ध जेभीले स्तरोन्नति र कालोपत्र गर्ने काम गरिरहेको छ। सेतीवेणीदेखि फलेवास सडक खण्ड यसै आर्थिक वर्षमा नै कालोपत्र सम्पन्न गर्ने लक्ष्य छ। फलेवासदेखि अर्मादीसम्मको भागमा भने सोचेअनुसार प्रगति भएको छैन । ढिकदेखि मोदीवेणीसम्मको भागमा ट्र्याक खोलेर केही स्तरोन्नतिका काम भए पनि अन्य फाउन्डेशनको काम हुन नसकेको आयोजनाले जनाएको छ । करिडोरको मिर्मी, मोदीवेणी र सेतीवेणीमा मोटरेबल पुलको काम सकिएको छ भने फलेवास र कुर्घाबीचको लमाए खोलामा पुल निर्माणको काम भइरहेको छ । सरकारले आगामी आव २०८०/८१ को बजेटमा समेत यो करिडोरलाई प्राथमिकतामा राखेकाले बजेटको समस्या नहुने आयोजनाले जनाएको छ।

# मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक ओझेलमा

**– ध्रुवसागर शर्मा**
म्याग्दी, १९ जेठ (रासस)



पूर्व–पश्चिम जोड्ने राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्गको वैकल्पिक मानिएको बेनी–दरवाङ–मुना–जलजला–ढोरपाटन सडक ओझेलमा परेको छ। मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको यो सडकको थप १९ किलोमिटर मार्ग खोलेपछि ढोरपाटनसँग जोडिनेछ। तर पछिल्लो दुई वर्षयता बजेट विनियोजन नहुँदा सडक निर्माण रोकिएको छ।

भौगोलिकरूपमा म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका बासिन्दा लाभान्वित हुने र दीर्घकालीनरूपमा राष्ट्रिय महत्व राख्ने भए पनि आवश्यक बजेट र पहुँचको अभावमा यो सडक ओझेलमा परिरहेको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो। उहाँका अनुसार काठमाडौँ र पोखराबाट बेनी हुँदै ढोरपाटन र पूर्वीरुकुम जोड्ने यो छोटो दूरीको सडक हो। बेनीबाट मुना हुँदै खोरियासम्म ५० किलोमिटर सडकको मार्ग खुलिसकेको र ढोरपाटनबाट जलजलासम्म पनि १० किलोमिटर कच्ची सडक बनेको अध्यक्ष पुनले बताउनुभयो। "बेनीबाट दरवाङ–मुना–जलजला–ढोरपाटन हुँदै पूर्वीरुकुमको टकसेरा जोड्ने सडकको मार्ग खोल्ने काम सकिए मध्यपहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ७० किलोमिटर दूरी छोटिन्छ", उहाँले भन्नुभयो, "पूर्वीरुकुमको टकसेराबाट ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ।" म्याग्दीको धवलागिरि गाउँपालिका–२ खोरियामा तीन वर्षअघि पुगेको सडक निर्माणको काम पछिल्लो दुई वर्षयता बजेट विनियोजन नहुँदा रोकिएको छ । १९ किलोमिटर सडकको विस्तृत परियोजना प्रतिवेदन बनाएर प्रदेश र सङ्घीय सरकारसँग योजना तथा बजेटको प्रस्ताव गरिएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो । म्याग्दीका सरोकारवालाले खोरिया पुगेको सडकलाई ढोरपाटन हुँदै पूर्वीरुकुम जोडेर मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको वैकल्पिक मार्गका रूपमा यो सडकलाई प्रयोगमा ल्याउन लुम्बिनी प्रदेश र पूर्वीरुकुमका जनप्रतिनिधिसँग छलफल र पहल थालेका छन् । "भू–बनोटको सहजता र दूरीको हिसाबले पनि मध्यमहाडी लोकमार्ग म्याग्दीबाटै विस्तार हुनुपर्ने हो", उपाध्यक्ष पुनले भन्नुभयो, "तत्कालीन समयमा केन्द्रीय पहुँच नपुगेकै कारण लोकमार्गबाट म्याग्दीलाई हटाउँदा सिङ्गो जिल्लालाई नै अन्याय भएको छ।" बेनी–दरबाङ–धारापानी–ताकम–मुनासम्मकोसडक कालोपत्र गर्ने र मुनाबाट जलजला हुँदै ढोरपाटनलाई सडकले जोड्ने योजनालाई प्राथमिकता दिइने गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बताउनुभयो । सडक यातायातसँगै पर्यटन विकासका हिसाबले पनि यो मार्गको आवश्यकता देखिएको उहाँको भनाइ छ।

"म्याग्दी हुँदै ढोरपाटन पुगेर बुर्तिवाङ हुँदै लुम्बिनी र पोखरा पुग्ने पर्यटनमार्ग पनि बन्ने भएकाले यो सडकलाई प्रदेशको महत्वपूर्ण योजनामा समेट्छौँ", उहाँले भन्नुभयो "बेनीबाट दरवाङ हुँदै धवलागिरि गाउँपालिकाको केन्द्र मुनासम्मको सडक कालोपत्र गर्ने र ढोरपाटनलाई सडकले जोड्ने योजनालाई प्राथमिकता दिन्छौँ ।" प्रदेश सरकारमार्फत बेनीबाट मङ्गला गाउँपालिका–२ सिमसम्म १२ किलोमिटर पाँच सय मिटर सडक कालोपत्र भइसकेको छ। सिमबाट लाम्पाटा चार किलोमिटर र लाम्पाटा–दरवाङको आठ किलोमिटर सडक कालोपत्र गर्न सञ्चालित योजना निर्माणले तीव्रता पाएको छ । दरवाङबाट धारापानीसम्म सात किलोमिटर सडक ग्राभेल गर्ने योजनाको काम जारी छ। दरवाङ–मुना जोड्ने १८ किलोमिटर सडक कालोपत्र गर्न रु एक करोड ६६ लाख लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन तयार भएको धवलागिरि गाउँपालिकाले जनाएको छ । विसं २०६४ मा मार्ग खुलेको २४ किलोमिटर दूरीको बेनी–दरवाङ सडक २०७४ सालदेखि स्तरोन्नतिको काम थालिएको थियो । पश्चिम म्याग्दीको 'लाइफ लाइन' मानिएको यो सडकखण्डलाई अहिले निकै चासोका साथ हेरिएको छ । मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग र पूर्वी रुकुमसम्म जोडिने पश्चिम म्याग्दीको लाइफ लाइन मानिएको यो सडकको बाँकी मार्ग खोल्ने, विस्तारसँगै मर्मत, स्तरोन्नति र कालोपत्रका लागि बजेटको व्यवस्थापन र योजना कार्यान्वयनमा सरोकारवालाको चासो बढेको छ।

# शिवपाञ्चायन मन्दिरमा स्थापित मूर्तिहरूमा प्राणप्रतिष्ठा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



पोखराको भीमकालीपाटनस्थित संस्कृत माध्यमिक विद्यालयमा निर्मित शिवपाञ्चायन मन्दिरमा स्थापित मूर्तिहरूमा शुक्रबार प्राणप्रतिष्ठा गरिएको छ।

डा. भोलानारायण रेग्मीको प्रमुख आचार्यत्वमा मन्दिरका गणेश, देवी, सूर्य, विष्णु र शिवलगायत देवीदेवताका मूर्तिमा वैदिक विधिपूर्वक प्राणप्रतिष्ठा गरिएको हो । उक्त अवसरमा ठूलो संख्यामा श्रद्धालु भक्तजन उपस्थित भई आर्थिक सहयोग समेत गर्नुभएको मूल आयोजक समितिका संयोजक विष्णुप्रसाद अधिकारीले जानकारी दिनुभयो।

मूर्तिहरुको पर्दा हटाएर सार्वजनिक गर्दै डा. चिद्घन चैतन्य महाराजले निराकार तत्वका रुपमा ईश्वरको बोध गर्न जोसुकैले नसक्ने वास्तविकतामा भगवान्‌को सगुण साकार रुपमा मूर्तिहरुको स्थापना गरिने गरिएको बताउनुभयो।

२०७५ सालमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री स्व. रवीन्द्र अधिकारीले मन्त्रालयमार्फत् पन्ध्र लाख रुपैयाँ बजेट विनियोजन गरी सुरु भएको मन्दिरको बाँकी कार्यसमेत गरी ९० लाख लागत लाग्ने जनाइएको छ। पोखराको प्रसिद्ध धार्मिक स्थल गाईघाट, विन्ध्यवासिनी नजिक रहेको यस मन्दिरलाई स्थानीय समुदायको अपनत्व र संरक्षकत्वमा महत्वपूर्ण धार्मिक स्थलका रुपमा स्थापित गर्ने उद्देश्य रहेको विद्यालय व्यवस्थापन समिति सदस्य रोजी पराजुलीले बताउनुभयो । प्राणप्रतिष्ठा कार्यक्रम सम्पन्न गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारीको संयोजकत्वमा एक हजार एक सदस्यीय मूल आयोजक समिति र अन्य विभिन्न उपसमिति गठन गरिएको प्रचारप्रसार उपसमितिका संयोजक श्रीकान्त सापकोटाले जानकारी दिनुभयो।

अन्य विभिन्न उपसमिति संयोजकहरू रामविक्रम राणा, ईश्वरीप्रसाद बास्तोला, जुनकाजी गुरुङ, रामू पौडेल, रामबहादुर लामिछाने, विष्णुकमारी मल्ल, कल्पना अधिकारी, गोविन्दप्रसाद अधिकारी, रुद्रप्रसाद सुवेदी, गोविन्द नेपाली, साहरा प्रधान, श्रीकान्त सापकोटा लगायत हुनुहुन्थ्यो।

कामना आमा समुहले ध्वजा पताका व्यवस्थापनको संयोजन गरेको थियो । आर्थिक व्यवस्थापन उपसमिति संयोजक ईश्वरीप्रसाद बास्तोलाका अनुसार गुरुकुल अक्षयकोष र मन्दिर सञ्चालनका लागि छ लाख एक हजार आठ सय रुपैयाँ सहयोग प्राप्त भएको छ।

विद्यालयले मन्दिर निर्माण समिति, चन्दादाता, स्थानीय संघसंस्था, आमा समूह, युवा क्लब तथा सम्पूर्ण श्रद्धालु भक्तजन लगायतलाई धन्यवाद ज्ञापन गरेको छ। मन्दिरमा आजबाट नै दैनिक रुपमा रुद्रभिषेकलगायत धार्मिक अनुष्ठान सुरु गरिने कार्यक्रममा जानकारी गराइयो । गण्डकी प्रदेशकै जेठो विद्यालयमा निर्मित कास्की जिल्लाकै अग्लो शिवपञ्चायन मन्दिर यस क्षेत्रको महत्वपूर्ण धार्मिक तीर्थस्थल बन्ने विश्वास लिइएको छ।

# एसियाली खेलकुदको सचिवालय सञ्चालनमा

**रासस**
काठमाडौं, १९ जेठ

चीनको होङझावमा हुने १९औँ एसियाली खेलकुदको तयारीलाई थप प्रभावकारी बनाउन सचिवालयको कार्यालय सञ्चालनमा ल्याइएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा स्थापना गरिएको सचिवालयको कार्यालय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बूले आज आयोजित एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो । मन्त्री लिम्बूले सचिवालय स्थापनापछि तयारीले थप तीव्रता पाउने बताउँदै सम्बन्धित सबैले नेपालको सहभागिता उपलब्धिमूलक बनाउन जिम्मेवार भएर अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला गल्याङ नगर पालिका वडा नं. ७ निवासी भारतीय भू.पू. सैनिक नं. JC 216258 F,RANK SM HONY-CAPT तीर्थप्रसाद श्रेष्ठको श्रीमती जानकी श्रेष्ठको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर जानकी श्रेष्ठ र जन्ममिति बि.सं. २०१६/०५/१५ भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर JANKI DEVI र जन्ममिति सन् 01-02-1959 उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भए तापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगपालिका ७ नं. वडा कार्यालयको च.नं. १३०९, मिति २०७९/१०/२४ को पत्रबाट लेखिआएको भारतीय पेन्सन प्रयोजनको लागि सो ही व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख काहुँखोलादेखि महेन्द्रपुलसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नाम: इशुप्रिया बराल**
**विमा लेख नं. १३००२५५७४**
**ठेगाना: पोखरा–१३**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**फोन: ९८६६०९२३४३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ चनौटे खोरपाखा औउसेलुचौर सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नाम: चनौटे खोरपाखा औउसेलुचौर सडक निर्माण**
**स्थान: पोखरा–१४ कास्की**
**योजना सम्झौता मिति : २०७९/११/११ गते**
**योजना सुरु हुने मिति : २०७९/११/१२ गते**
**योजना सम्पन्न हुने मिति: २०८०/०१/३० गते**
**योजना सम्पन्न मिति : २०८०/०२/१० गते**
**योजनाको कुल लागत : रु. ८,५२,९८०.३३।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.७,५०,०००।–**
**जन सहभागितावाट : रु.१,०२,९८०.३३।–**
**अध्यक्ष: रघुनाथ लामिछाने**
**उपभोक्ता समिति संख्या: ७ जना महिला: ३ पुरुष: ४ जना**

**चनौटे खोरपाखा औउसेलुचौर सडक निर्माण उपभोक्ता समिति पोखरा-२३, पोखरा**

# गलकोट दरबार संरक्षण गरिँदै

-खेमराज गौतम
बागलुङ, १९ जेठ

बागलुङको पुरानो सदरमुकाम रहेको गलकोटको हरिचौर बजारमा तत्कालीन मल्ल राजाले राज्य गरेको गलकोट दरबार पर्यटकीय हब बनेको छ । हरिचौरको मुख्य आकर्षक भनेको गलकोट राज्य सञ्चालन भएको गलकोट दरबार नै हो ।

पुरानो सदरमुकाम, गलकोट दरबार र अहिलेमात्रै पर्यटकीय गन्तव्यका रूपमा थपिएको टेउवाको खुला मूर्तिकला सङ्ग्रहालयका कारण अहिले हरिचौर चर्चामा रहेको छ। हरिचौर बजारको इतिहास बोकेको मल्ल राजाले राज्य गरेको गलकोट दरबार पर्यटक बोलाउने प्रमुख माध्यम बनेको छ। अहिले गलकोट दरबारमा आउने पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ । दरबार अवलोकन गर्ने पर्यटकको सङ्ख्यामा वृद्धि भएसँगै दरबार संरक्षण गर्न थालिएको तत्कालीन राजा भरतबम मल्लका नाति मञ्जेशबम मल्लले बताउनुभयो । जीर्ण बन्दै गएको बागलुङको गलकोट दरबारका यस वर्ष पाँच भ्याल पुरानै शैलीमा फेरिएको मल्लको भनाइ छ । दरबारको वरपर फैलिएको बगैँचामा अहिले सुन्तलाका बोटसमेत हुर्किरहेका छन्। "दरबार एक सय दुई वर्ष पुरानो हो, यहाँ सिमेन्टको प्रयोग गरिएको छैन, नितान्त स्थानीय कच्चा सामग्रीको प्रयोग गरेर बनाइएको छ, बगैँचालाई व्यवस्थित गराउन सुन्तलासमेत रोपिएको छ", मल्लले भन्नुभयो, "दरबार संरक्षण गर्नका लागि यहाँ सिसौको काठ खोजिरहेको छु, पुरानै शैलीमा भ्याल तथा ढोका फेर्न आवश्यक छ, अहिले पाँचवटा मात्रै भ्याल फेर्न सके पुरानै शैलीमा निर्माण गर्दा भ्याल तथा ढोका निकै खर्चिलो रहेछ।" मल्लका अनुसार दरबार हेर्न आउनेहरूले इतिहासको विषयमा खोजी गर्ने भएकाले दरबारको विषय समेटिएको सूचना पाटी राख्ने, पुरानो पोखरी पुनःनिर्माण गर्ने र दरबार क्षेत्रमा भएको फलफूलको बोटलाई व्यवस्थित गराने योजना रहेको सुनाउनुभयो । बिदाको समयमा दरबार घुम्न आउने पर्यटकको सङ्ख्या सबैभन्दा बढी भएको उहाँको भनाइ छ । हजुरबाले राज्य गरेको स्थानलाई पर्यटकीय केन्द्र बनाउने गरी आफूले माछापोखरी बनाएर विभिन्न प्रजातिका माछासमेत पालेको बताउनुभयो । "दरबार नजिकै माछापोखरी थियो रे, त्यसैले अहिले बाबुबाजेको सम्झनाका लागि माछापोखरी बनाएको हुँ, यहाँ रङ्गीन माछा छन्, जुन खानका लागि भन्दा पर्यटक आकर्षित गर्नका लागि हो", मल्लले भन्नुभयो, "दरबारको रेखदेख गर्ने जिम्मा मेरै काँधमा छ, मैले दरबारलाई पुरानै अवस्थामा राख्न व्यक्तिगत खर्चमा काम गरिरहेको छु, दरबार पुनःनिर्माणका लागि काठको खोजीसमेत भइरहेको छ ।" उक्त गलकोट दरबार र जग्गा मल्लकी आमा सरोजा मल्लको नाममा छ । विसं २०३९ मा राजा भरतबमको निधन भएको थियो । राजा मल्लको निधनपछि दरबार संरक्षणको जिम्मा छोरा माधवबम मल्लको काँधमा आएको थियो । परिवारसहित दरबारमा बस्दै आएका मल्लको सशस्त्र द्वन्द्वका समयमा २०५९ वैशाखमा हत्या भएको थियो । त्यसपछि मल्ल परिवार त्यहाँबाट विस्थापित बनेर काठमाडौँ गए पनि संरक्षणका लागि राजाका नाति मञ्जेशबम मल्ल समय-समयमा दरबारमा आएर बस्ने गरेका थिए।

कुनै बेला राजाले राज गरेको यो ठाउँ अहिले पर्यटकको आकर्षणको केन्द्र बन्दै गएकाले उक्त दरबार अध्ययन गर्ने थलोका रूपमा समेत विकसित भइरहेको छ। विसं १९७९ मा ढुङ्गा, माटो, ईँटा र काठ प्रयोग गरेर कलात्मक शैलीमा बनेको यो दरबार हेर्न, फोटो खिच्न र टिकटक बनाउनका लागि बागलुङ बजार, चितवन, काठमाडौँ र नेपालका विभिन्न क्षेत्रबाट घुम्न आउने गरेका छन् । तस्विरमा देखिएको गलकोट दरबार प्रत्यक्ष अवलोकन गर्दा निकै फरक अनुभूति भएको बागलुङ बजारबाट गलकोट दरबार हेर्न पहिलोपटक पुगेका दिलीप प्रतेलले जानकारी दिनुभयो । "पछिल्लो समय टिकटक र सामाजिक सञ्जालमा देखिएको गलकोट दरबार प्रत्यक्ष अवलोकन गर्ने अवसर मिल्यो, भूगोल दरबार तथा बगैँचा देख्दा राजा बस्ने ठाउँजस्तै छ", प्रतेलले भन्नुभयो, "यसको पुनःनिर्माण गर्न आवश्यक देखेँ, केही कामको थालनी भएको रहेछ, दरबार संरक्षण र प्रचार गर्न सके धेरै पर्यटक बोलाउन सकिने सम्भावना रहेछ।"

दरबारको पर्खाल, पोखरी, बगैँचा, धन्सार, शीतलपाटी, मन्दिर हुँदै दरबार घुम्दा आनन्दित भएको उहाँको भनाइ छ। बाबुको हत्यापछि विस्थापित परिवार नफर्कँदा दरबारको विभिन्न संरचना लथालिङ्ग भए पनि पछि नाति मञ्जेशबम मल्ल आएर दरबारलाई संरक्षण गर्न थाल्नुभएको हो । विसं २०१७ सम्म राज्य सञ्चालन गरिरहेको गलकोट राज्य सञ्चालनसमेत भएको स्थानमा पछि बागलुङको जिल्ला सदरमुकाम रहेको थियो। विसं २०१९ मा बागलुङ जिल्लाको सदरमुकाम हरिचौर बजारबाट बागलुङ बजार सारिएको हो । पर्यटकीयस्थल घुम्टेपहाडको काँधमा रहेको गलकोट दरबार, हरिचौर बजार, गाईघाट झरना र गलकोटकै सहस्राधारा झरनाले गलकोटमा पर्यटकलाई आकर्षित गरिरहेको गलकोट नगरपालिकाका प्रवक्त हेमन्त भण्डारी जानकारी दिनुभयो।

# तनहुँमा ड्रागन खेती

पोखरापत्र संवाददाता
तनहुँ, १९ जेठ

यहाँको व्यास नगरपालिका-५ ढोडेनीमा व्यावसायिकरूपमा 'ड्रागन फ्रुट' खेती सुरु गरिएको छ। स्थानीय कृषक कल्पना गौलीले ' माँ अम्बे अलौकिक कृषि फार्म' दर्ता गरी व्यावसायिक रूपमा ड्रागन खेतीतर्फ लाग्नुभएको हो ।

करिब नौ रोपनी क्षेत्रफल जग्गा बीस वर्षका लागि भाडामा लिएर वार्षिक रू बीस हजार भाडा बुझाउने गरी व्यवसाय थालेको कृषक गौलीले बताउनुभयो । "गत वर्ष भारतको हैदराबादबाट प्रतिबिरुवा रू एक सयका दरले दुई हजार एक सय ड्रागनका बिरुवा ल्याएर लगाएकी थिएँ । यस वर्षदेखि उत्पादन दिन सुरु गरेको छ", उहाँले भन्नुभयो।

कृषक गौलीले खेतीका लागि सुरुमा करिब रू ७० लाख लगानी गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "फार्ममा ड्रागनका साथै च्याउ, मौरी, फलफूललगायत बहुआयामिक किसिमले खेती गरेको छु ।" फार्ममा पाँच सय पोल निर्माण गरी एउटा पोलमा चार वटाका दरले ड्रागन बिरुवा



लगाएको गौलीले जानकारी दिनुभयो।

एउटा पोलमा करिब रू दश हजारका दरले खर्च भएको उहाँको भनाइ थियो । बिरुवा रोपेको पाँच महिनाको अवधिमा केही बोटमा फल लागेको अनुभव सुनाउँदै कृषक गौलीले बिक्री भने गर्न नपाएको बताउनुभयो। उक्त फार्मको व्यास नगरप्रमुख वैकुण्ठ न्यौपाने र वडाध्यक्ष हिमाल श्रेष्ठले अवलोकन गर्नुभएको थियो । नगरप्रमुख न्यौपानेले व्यावसायिक कृषि पेसालाई नगरपालिकाले प्राथमिकतामा राखेर काम गर्दै आएको बताउनुभयो।

यस वर्ष लपक्कै फूल फुलेका छन् । कृषक गौलीले भन्नुभयो, "फूल फुलेअनुसार फल लाग्ने हो भने राम्रै उत्पादन हुन्छ भन्ने विश्वास लिएको छु", "केही दिनअघि आएको हावाहुरीले ड्रागनका बोट भाँचेकाले त्यसलाई पुनः बिरुवामा परिणत गर्ने योजना बनाएको छु।" फुल्न लागेको समयमा हावाहुरी आउँदा केही फूल झरेर क्षति भएको उहाँले बताउनुभयो।

सोह्र वर्ष शिक्षण पेसा र करिब १५ वर्षसम्म दमौली बजारमा बुटिक व्यवसाय गर्नुभएकी गौली अहिले ड्रागन खेतीतर्फ आकर्षित हुनुभएको हो । उहाँले व्यास नगरपालिका-३ मालपोत लाइनमा 'व्यास कोसेली घर' समेत सञ्चालन गर्दै आउनुभएको छ। स्थानीयस्तरमा उत्पादित अर्गानिक तरकारी, घरेलु सामग्री, घरेलु कपडालगायत सामग्री उक्त कोसेली घरमा बिक्री गरिने गौलीले जानकारी दिनुभयो।

# मनाङमा सडक र पदमार्ग एउटै हुँदा पदयात्रीलाई सास्ती

- नविन लामिछाने
मनाङ, १९ जेठ (रासस)

विश्वका विभिन्न राष्ट्रबाट भ्रमणका लागि आउने पर्यटक अधिकांश हिमाली जिल्ला मनाङ आउने गरेका छन्। विशेष गरी यहाँको सुन्दरता, परम्परागत संस्कार, संस्कृति अवलोकन गर्न तथा यहाँ रमाउन पर्यटक आउने गर्दछन्।

यहाँ आउने क्रममा भने पर्यटकले सास्ती खेप्नुपरेको छ। मनाङको मेरुदण्ड डुमे-बेँसीसहर-चामे सडकखण्डको विस्तार गर्दा पदमार्गकै ट्र्याकमा हुँदा भने समस्या भएको छ । मनाङको यात्रा गर्दा सडक मार्ग र पदमार्ग एउटै हुँदा पदयात्रीले धुलोको सास्ती भोग्नुपर्ने अवस्था छ।

मनाङका जनप्रतिनिधि र स्थानीयले सडकमार्ग विस्तारसँगै पदमार्गको वैकल्पिक योजना निर्माण गर्नुपर्ने आवाज उठाउँदै आएका छन्। गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजङ्ग गुरुङले सडक र पदमार्ग एउटै हुँदा पर्यटकले सास्ती खेप्नुपरेकोले यसको वैकल्पिक पदमार्ग निर्माण गर्नुपर्ने बताउनुभयो । "सडक र पदमार्गको ट्र्याक एउटै हुँदा पदयात्रीले समस्या भोग्नुपरेको छ, यस्ता समस्या समाधानका लागि प्रदेश सरकारसमक्ष आवाज उठाएका छौँ, वैकल्पिक पदमार्ग निर्माणको योजना तय गर्न प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकमा छलफलमा ल्याउने छौँ", प्रदेशसभा सदस्य गुरुङले भन्नुभयो । वैकल्पिक पदमार्ग निर्माण गर्नसके पदयात्रीले धुलो र सवारीसाधनको सास्ती खेप्नुपर्ने समस्या हट्ने उहाँको भनाइ छ। मनाङमा वार्षिक ३५ देखि ४० हजार बाह्य पर्यटक भित्रिने र त्यसमाथि पदमार्गकै माध्यम अपनाउने भएकाले यसको वैकल्पिक योजना बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो। "मनाङ पर्यटकको 'हब' भएकाले सहज बनाउने कार्यमा पनि जोड दिनुपर्छ", उहाँले भन्नुभयो, "विकास निर्माण पनि हुनुपर्छ, राष्ट्रकै राजस्व वृद्धिमा सहयोग पुऱ्याउने क्षेत्रको संरक्षणमा सरकारलाई ध्यानाकर्षण गराउनु हाम्रो कर्तव्य हो ।" देशकै गहनाका रुपमा रहेका हिमाल र अन्नपूर्ण पदमार्गमा पर्यटकको आकर्षण सदा उस्तै बनाउनु सबैको जिम्मेवारी भएकाले सचेत हुनुपर्ने उहाँको भनाइ छ । अन्नपूर्ण पदमार्ग विश्वकै दर्शै स्थानमा पर्दछ । यस पदमार्गलाई जोखिमयुक्तसमेत मानिन्छ। साहसिक पर्यटक भने यस मार्गको यात्रामा रमाउने गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइका प्रमुख लेखनाथ गौतमले सरकारले जोखिमयुक्त मनाङ भ्रमणमा आउने पर्यटकले अनिवार्यरूपमा पथ प्रदर्शक ल्याउनुपर्ने प्रावधानले सूचना प्राप्त गर्न सहज भएको बताउनुभयो।

"जोखिमयुक्त पदमार्गमा यात्रा गर्दा पर्यटक एक्लै यात्रामा जाँदा बिरामी पर्ने, हराउने र जोखिम क्षेत्रमा खोजी कार्य गर्न समस्या भएपछि नेपाल सरकारले 'गाइड' बिना यात्रामा जान रोक लगाएको छ, अहिले गाइड लिएर मात्रै पर्यटक आउने वा यात्रा गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "यो प्रावधानले हामीलाई पनि सहज भएको छ ।" पर्यटक वृद्धि हुँदा मनाङको आयस्तरसमेत वृद्धि हुने गरेको छ। पर्यटक हिमाल तथा पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्लापास गरी मुस्ताङ कोही पोखरा जान अन्नपूर्ण पदमार्गमा आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङको बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा रहेको छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच जिल्ला जोडिएका छन्। काठमाडौँदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् । पदमार्गमार्फत पर्यटक मनाङका विभिन्न स्थानको अवलोकनसहित यात्रामा जाने गरेका छन्। यहाँ भित्रिने पर्यटकलाई सहज बनाउन र आकर्षित गरिरहन वैकल्पिक पदमार्ग बनाउनसकेमा पर्यटकले अझ सुरक्षित तवरबाट मनाङको यात्रा गर्न पाउनेछन्।

# अमेरिकन 'स्वाइन फिवर'बाट चार सय बङ्गुर मरे

पोखरापत्र संवाददाता
गलकोट, १९ जेठ

अमेरिकन स्वाइन फिवरका कारण धमाधम बङ्गुर मर्न थालेपछि बागलुङका किसान चिन्तित भएका छन्।

धमाधम बङ्गुर मर्न थालेपछि यहाँका किसान लाखौँको नोक्सानी व्यहोर्न बाध्य भएका छन्। बागलुङ नगरपालिका-१, २, ३ र ४ मा व्यावसायिकरूपमा पालिएका बङ्गुरमा अमेरिकन स्वाइन फिवरका कारण हालसम्म चार सय बङ्गुर मरेको किसानको भनाइ छ । किसानले व्यावसायिकरूपमा पालेको बङ्गुर धमाधम मर्न थालेपछि बङ्गुर खोर नै रित्तो हुन थालेको बङ्गुरपालक किसान गणेशबहादुर पुनले बताउनुभयो । "केही दिनदेखि दैनिक खोरमा बङ्गुर मर्न थालेका हुन्", उहाँले भन्नुभयो, "बिहान ठीकठाक भएका बङ्गुर साँझ मर्ने गरेका छन्, अहिले नगरपालिका, भेटेरिनरी अस्पतालमा हारगुहार गरेका छौँ, उहाँहरूले परीक्षणका लागि नमूना पोखरा पठाउनुभएको छ।" बागलुङ बजार क्षेत्रमा ५४ किसानले व्यावसायिक बङ्गुरपालन गर्दै आएकामा अहिले धमाधम बङ्गुर मर्न थालेपछि किसानलाई रु दुई करोड बराबरको क्षति पुगेको बङ्गुरपालक किसान डिलमाया थापाले बताउनुभयो । "बङ्गुरपालन गर्न थालेको वर्षौं भयो, अहिलेसम्म यस्तो भएको थाहा थिएन, पहिलोपटक बङ्गुर मर्न थाले अहिले मेरै खोरमा १५ वटा बङ्गुर मरिसकेका छन्", उहाँले भन्नुभयो, "दैनिक खोर रित्तिँदै गएपछि मजस्ता किसानको उठिबास लागेको छ।"

यस क्षेत्रका ५४ किसानले पालेका तीन सय ९२ वटा बङ्गुर मरेपछि भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङलाई ध्यानाकर्षण गराएको अगुवाकर्ता एकबहादुर केसीले जानकारी दिनुभयो । उहाँले किसानको समस्याका लागि आफूले विभिन्न सरोकारवाला निकायसँग ध्यानाकर्षण गराइरहेको बताउनुभयो । किसानले पालेका बङ्गुर तथा सुँगुर एक्कासि मर्न थालेपछि रोगको विषयमा पहिचान गर्न नमूना सङ्कलन गरिएको भए पनि अहिले मरिरहेका बङ्गुरमा ' अफ्रिकन स्वाइन फिभर' नामक भाइरसको लक्षण देखिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले जानकारी दिनुभयो।

"लक्षण पूरै 'अफ्रिकन स्वाइन फिभर'को देखिएको छ, बागलुङको जैमिनी नगरपालिकामा पहिलोपटक किसानले पालेका बङ्गुरको परीक्षण गर्दा गत पुसमा मात्रै 'अफ्रिकन स्वाइन फिभर' नामक भाइरस देखापरेको थियो", उहाँले भन्नुभयो, "मरेका ४० बङ्गुरबाट नमूना सङ्कलन गरी पोखरा पठाइएको छ, किसानले खोरलाई निर्मलीकरण गर्न आवश्यकता देखियो, हामी रोग नियन्त्रणका लागि लागिपरेका छौँ।" बर्ड फ्लुजस्तै प्रकृतिको यो घरपालुवा सुँगुर, बङ्गुर तथा जङ्गली बँदेल प्रजातिमा देखा पर्ने भाइरस ' अफ्रिकन स्वाइन फिभर' रहेको पशु प्राविधिक केशव शर्माले जानकारी दिनुभयो । यो सङ्क्रमण भएमा सुँगुर, बङ्गुर प्रजातिमा उच्च ज्वरो आउने, कान, पुच्छर, पेटको तल्लो भागको बाहिर छाला रातो हुने, शरीरमा बाहिर नीलो धब्बा देखिने, खाना नखानेजस्ता लक्षण देखापर्ने गरेको छ, उच्च मृत्युदर भएको अति खतरनाक महामारीजन्य सरुवा रोग रहेको शर्माको भनाइ छ। यो रोगविरुद्ध हालसम्म कुनै खोप उपलब्ध नभएको र रोग देखापरेपछि उपचारसमेत हुन नसक्ने भएकाले उच्च सतर्कता अपनाउनुपर्ने पशु स्वास्थ्यकर्मीको भनाइ छ । कुनै स्थानमा अस्वाभाविकरूपमा बङ्गुर मरेमा वा लक्षण देखापरेमा तत्काल कार्यालयमा जानकारी गराउन केन्द्रले किसानलाई आग्रह गरेको छ । बागलुङमा दुई सयभन्दा बढी किसानले १२ हजारको सङ्ख्यामा बङ्गुर पाल्दै आएको केन्द्रको तथ्याङ्कमा उल्लेख छ।

रोगी बङ्गुर, त्यसका पाठापाठी, मासु वा रोगी पशुको सम्पर्कमा आएका वस्तु एक स्थानबाट अर्को स्थानमा लैजाँदा रोग सजिलै सर्ने र रोग छिटो फैलन सक्ने भएकाले सावधानी अपनाउनुपर्ने छ। अफ्रिकी महादेशमा मात्र सीमित रहेको यो रोग सन् २०१८ मा चीनमा र त्यसपछि भारत, भूटानमा पनि देखापरेको थियो। दुईवटा फार्मबाट सुरु भएको महामारी ५२ फर्ममा फैलिसकेको किसानको भनाइ छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ घाँटीछिना पखत खोरपाखा पहिरो नियन्त्रण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: घाँटीछिना पखत खोरपाखा पहिरो नियन्त्रण**
**स्थान: पोखरा-२३, धाराको पाखा, कास्की**
**योजना सम्झौता मिति : २०८०/०१/१८ गते**
**योजना सुरु हुने मिति : २०८०/०१/२० गते**
**योजना सम्पन्न हुने मिति: २०८०/०२/३० गते**
**योजनाको कुल लागत : रु. ८,९८,८७६.४०**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,००० ।-**
**जन श्रमदानबाट : रु.९८,८७६.४० ।-**
**उपभोक्ता समिति अध्यक्ष: विष्णु प्रसाद पौडेल**
**सम्पर्क नं. ९८५६०१८४९९**
**जम्मा सदस्य संख्या: ५जना महिला: २ पुरुष: ३ जना**

**घाँटीछिना पखत खोरपाखा पहिरो नियन्त्रण उपभोक्ता समिति पोखरा-१४, वि.पि. मार्ग**


# ठेकेदार सम्पर्कविहीन हुँदा भवन अधुरै

रासस
डुमे, १९ जेठ

निर्माणाधीन आन्तरिक राजस्व कार्यालय दमौलीको कार्यालय भवन अधुरै रहेको छ । निर्माण सम्पन्न हुनुपर्ने समयमा कार्यालय भवन आधा निर्माण गरी ठेकेदार सम्पर्कविहीन भएका छन्। सङ्घीय सरकारको रु पाँच करोड २१ लाखमा उत्तम भट्टराई सञ्चालक रहेको ओम इन्फ्राटेक/भीम ज्योति जेभीसित भवन निर्माणको सम्झौता भएको थियो। अठार महिनामा भवन निर्माण सम्पन्न गर्ने गरी २०७८ असोज २२ गते सो सम्झौता भएको हो । विसं २०७९ चैतमा भवन निर्माण सक्नुपर्ने थियो । ठेकेदार सम्पर्कविहीन भएपछि भवन निर्माणको काम अधुरै रहेको कार्यालयका प्रमुख कर अधिकृत डमरुप्रसाद पराजुलीले जानकारी दिनुभयो।

# आज दुधपोखरी चोक जाऔं आशिर्वाद साँझमा रमाऔं

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ

आशिर्वाद युवा क्लबले पोखरा वडा नं १३ दुधपोखरी चोकमा नेपाली साहित्य क्षेत्रका प्रतिष्ठित गजलकार प्रदिप रोदन को विशेष उपस्थितिमा शनिवार साँझ साहित्यिक साँझ हुने छ।

पोखरा वडा नं १३ का युवाहरु मिलेर केही वर्ष अगाडि स्थापना गरिएको क्लब हो आशिर्वाद युवा क्लब । क्लबले नेपाली भाषा, साहित्य, संस्कृति संरक्षण,जगेर्ना तथा प्रवर्द्धन गर्ने उद्देश्यले आशिर्वाद साँझ गर्न लागिएको क्लबका अध्यक्ष रवि वराल(अजय)ले वताए।

युवाहरुको सर्वाङ्गिण विकासका निम्ति विभिन्न अभिमुखीकरण तथा प्रतियोगिता पनि गर्दै आएको अध्यक्ष वरालले भने। साहित्य क्षेत्रमा उत्कृष्ट गजलकारका छवि बनाएका प्रदिप रोदन सँगै सँगै पोखराका उदाँउदा गजलकार द्वय त्रुपक र प्राञ्जलको विशेष रचनाहरु साँझमा सुन्न पाईने क्लवका इन्चार्ज विक्रम वरालले वताए। कार्यक्रमले नेपाली साहित्य क्षेत्र प्रति युवाहरुको आर्कषण बढ्दै गएको इन्चार्ज विक्रम वरालले वताए।

कार्यक्रममा क्लबले जेठ २-१० गते सम्म आयोजोना गरेको अनलाईन गजल प्रतियोगिताका विजेता र उपविजेतालाई पनि पुरस्कृत गर्ने कार्यक्रम रहेको इन्चार्ज वरालले जानकारी गराए।